**नेपाल सरकार**
**शिक्षा मन्त्रालय**
**छात्रवृत्ति शाखा**
**केशरमहल, काठमाण्डौं**

www.moe.gov.np or scholarship.moe.gov.np

## स्नातक तहको छात्रवृत्ति छनोटका लागि योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि दरखास्त माग सम्वन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार शिक्षा मन्त्रालयलाई स्वदेशको त्रिभूवन विश्वविद्यालय अन्तर्गतका कलेजबाट र विदेशी मित्रराष्ट्रहरुबाट प्राप्त हुन आउने नि:शुल्क, आंशिक तथा स–शुल्क छात्रवृत्तिमा स्नातक तहको बि.एस्सी. फरेष्टेरी विषय अध्ययनका लागि उम्मेद्वार छनोट गर्न छात्रवृत्ति सम्वन्धी (छैठौं संशोधन) नियमावली, २०६० अनुसार योग्यताक्रम कायम गर्नुपर्ने भएकोले देहायको योग्यता पुरा गरेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

मन्त्रालयलाई प्राप्त हुने छात्रवृत्ति सिटको विषयगत रुपमा नियमानुसार पचपन्न प्रतिशत स्थान साधारण तर्फ र पैंचालीस प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्तिहरुलाई नियमानुसार आरक्षण गरी सो प्रतिशतलाई सतप्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिने छ:–

क) आर्थिक वा सामाजिक रूपमा विपन्नका लागि ..........................................................२५% मध्ये
    १) मधेशी समुदायका लागि ............................................२०%
        १क) मधेशी समुदायका लागि आरक्षित २०% मध्ये मधेशी दलित समुदायका व्यक्तिलाई ....३%
    २) मुस्लिम समुदायका लागि ............................................२%
    ३) बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको सन्ततिका लागि ..............३%

ख) महिलाको लागि ................................................................................................३३%मध्ये
    १) दलित समुदायका महिलाका लागि ................................३%
    २) मुस्लिम समुदायका महिलाका लागि .............................२%

ग) अपाङ्गको लागि ................................................................................................२%

घ) जनजातिको लागि .....................................................................................२७%

ङ) दलितको लागि ..................................................................................................९%

च) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिको लागि ..........................................................४%

तर आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका व्यक्ति समेत उपलब्ध नभएमा साधारण समूहका व्यक्तिलाई उक्त स्थान प्रदान गरिने छ ।

**यो सूचना अनुसार कायम हुने योग्यताक्रमबाट एक बर्ष सम्म प्राप्त हुने सिटमा नियमानुसार मनोनयन गरिने भएतापनि हालसम्म त्रिभूवन विश्वविद्यालय अन्तर्गतको काठमाण्डौं फरेष्ट्रि कलेजबाट मात्र B.Sc. Forestry विषयमा ५ सिट छात्रवृत्ति प्राप्त भएकोले नियमानुसार उक्त सिटमध्ये साधारण तर्फ ३ सिट र आरक्षण तर्फ २ सिट कायम भएको तथा आरक्षण तर्फको पनि महिला तर्फ १ र जनजाति तर्फ १ सिट कायम भएको व्यहोरा जानकारी गराइन्छ ।**

१. **दरखास्तका लागि आवश्यक न्यूनतम योग्यता**

क. योग्यताक्रम कायमका लागि दरखास्त पेस गर्न चाहेको विषयको त्रिभूवन विश्वविद्यालय अन्तर्गतको बन विज्ञान अध्ययन संस्थानले २०७२ साल पौष महिनामा सञ्चालन गरेको स्नातक तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनु पर्ने छ ।

ख. स्नातक तहको जुन विषयमा दरखास्त पेस गर्न चाहेको हो सो विषय अध्ययन गर्न त्रिभूवन विश्वविद्यालयले तोकेको न्यूनतम् शैक्षिक योग्यतामा कम्तिमा ५० प्रतिशत अंक ल्याई उत्तीर्ण भएको हुनु पर्ने छ ।

**२. दरखास्तको म्याद तथा माध्यम सम्वन्धी व्यबस्था :**

मिति २०७२ साल चैत्र २५ गते देखि २०७३ साल बैशाख ०४ गतेसम्म मन्त्रालयको वेबसाइट scholarship.moe.gov.np or www.moe.gov.np मा अनलाइनबाट मन्त्रालयको योग्यताक्रम कायमका लागि दरखास्त दिन सकिने छ । मन्त्रालयबाट प्रदान गरिने जानकारीका लागि Online Application फाराममा आफ्नो आधिकारीक ईमेल ठेगाना र मोवाईल नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत बन विज्ञान अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश, भर्ना परीक्षाको योग्यताक्रममा नाम प्रकाशन भएको व्यक्तिले मात्र दरखास्त पेस गर्न पाईने छ ।
**झुट्टा विवरण पेस गरी दरखास्त पेस गरेमा दुई वर्षसम्मका लागि अयोग्य हुने गरी सुचीकृत गरिने हुँदा यथार्थ विवरण मात्र दरखास्तमा उल्लेख गर्नु होला ।**

**३.राजश्व सम्बन्धी व्यवस्था:** MOE Online Registration Number प्राप्त गरेका आवेदकहरूले राजश्व वापतको रकम रू. १०००।-(एक हजार) राष्ट्रिय वाणिज्य बैंक, ठमेल शाखा वा छात्रवृत्ति शाखा, केशरमहल परिसरमा रहेको वैंक काउन्टरमा दाखिला गरी सो को भौचर दरखास्त दर्ता प्रमाणको निस्सा लिन तोकिएको मितिमा छात्रवृत्ति शाखामा बुझाउनु पर्ने छ ।

**४. दरखास्त दर्ता प्रमाणको निस्सा बुझिलिन आउदा अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :**

(क) **General Group (साधारण समुह ) :**

दरखास्त दर्ता प्रमाणको निस्सा बुझिलिन आउँदा राजश्व बुझाएको सक्कलै भौचर, MOE Online Registration Confirmation Page, नागरिकता प्रमाण पत्र त्रिभुवन विश्वविद्यालय, बन विज्ञान अध्ययन संस्थानले शैक्षिक सत्र २०७२ मा सञ्चालन गरेको सम्वन्धित विषयको परीक्षाको सक्कल प्रवेशपत्र लगायत देहायमा उल्लिखित कागजातहरूको फोटोकपी सिलसिलेवार रूपमा फाइलमा राखी फाइल बाहिर आफ्नो त्रिभुवन विश्वविद्यालय बन विज्ञान अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्वर, Rank/Merit, विषय र MOE Online Registration Number, नामथर, विषय, उल्लेख गरी छात्रवृत्ति शाखा, केशरमहलमा बुझाउनुपर्ने छ । दरखास्त दर्ता प्रमाणको निस्सा प्राप्त गर्न उम्मेदवार आफै छात्रवृत्ति शाखामा उपस्थित भई उल्लिखित कागजातहरुको सक्कल प्रति समेत साथै ल्याउनु पर्ने छ ।

- दरखास्त पेस गर्न चाहेको विषय अध्ययनका लागि त्रि.वि.ले तोके बमोजिमको न्यूनतम् तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Character certificate/Original/Provisional certificate को प्रतिलिपि । शैक्षिक योग्यता हाँसिल गरेको बोर्ड नेपाल बाहिरको भए (सबै वा कुनै तहको) सम्बन्धित बोर्डबाट जारी गरिएको Transcript वा मार्कसिटका साथ pass certificate/degree awarded certificate/provisional certificate र migration certificate का साथै त्रि.वि. पाठ्यक्रम

विकास केन्द्रबाट समकक्षता निर्धारण भएको पत्र र प्रतिशत नखुलेको प्रमाण पत्र भए उक्त केन्द्रबाट प्रतिशत खुलाएको पत्रसमेत पेस गर्नु पर्ने छ ।

- SLC को मार्कसिटको प्रतिलिपि
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर, जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

**(ख) Community School Group (सामुदायिक विद्यालय तर्फको आरक्षण समूह) :**

**(विपन्नताको सिफारिस, सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाण समेत ३ वटै प्रमाण पेश गर्नसक्ने उम्मेदवारका लागि मात्र)**

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरूले माथि General Group (साधारण समूह) का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नु पर्ने छ ।

(१) एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय सामुदायिक (सरकारी) हो भनी जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्र ।

(२) सम्बन्धित गाउँविकास समिति वा नगरपालिकाले विपन्नताको कारण खुलाई छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को अनुसूची १ ख. अनुरूपको ढाँचामा मिति २०७२ साल चैत्र २३ गते पछि Online दरखास्त फाराम भर्ने अन्तिम मितिसम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र ।

(३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिस पत्र ।

| आरक्षण समूह | सिफारिस गर्ने निकाय तथा व्यहोरा |
|---|---|
| **मधेशी** | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र । |
| **मधेशी दलित** | मधेशी दलित समुदायको व्यक्ति भएको व्यहोरा खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा राष्ट्रिय दलित आयोगको दलित समुदायको व्यक्ति भएको व्यहोरा खुलेको सिफारिस पत्र वा परिचय पत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जातिहरू मात्र) । |
| **मुस्लिम** | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र । |
| **शहिद तथा वेपत्ता पारिएका व्यक्तिको परिवार तथा घाईते वा निजको सन्तती** | गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा परिचय पत्र । नाता प्रमाणित पत्र र घाईतेको हकमा प्रतिशत खुलेको सिफारिस पत्र । |
| **महिला** | विपन्नताको सिफारिस पत्र र सरकारी विद्यालय सम्बन्धी सिफारिस पत्र । |
| **दलित महिला** | राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र । (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जातिहरू मात्र) |
| **मुस्लिम महिला** | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र । |
| **अपाङ्गता भएका व्यक्ति** | राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा अपाङ्ग परिचय पत्रका साथै दर्तावाल चिकित्सकबाट निज चिकित्सा विषय अध्ययन गर्न सक्षम छ भनी लेखिदिएको सिफारिस पत्र । |

| आरक्षण समूह | सिफारिस गर्ने निकाय तथा व्यहोरा |
|---|---|
| **जनजाति** | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा परिचय पत्र । (आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट सूचिकृत जातिहरू मात्र) |
| **दलित** | राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा परिचय पत्र । (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जातिहरू मात्र) |
| **पिछडिएको दुर्गम क्षेत्रका व्यक्ति** | सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट निज दरखास्त दिदाका वखतसम्म सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको सिफारिस पत्र र पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र (अछाम, बाजुरा, बझाङ्, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट र जाजरकोट) |

**(ग) Other School Group (अन्य विद्यालय तर्फको आरक्षण समूह) :**

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरूले माथि General Group (साधारण समूह) का लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुदा नं. ४ को ख(३) मा तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रति र १/१ प्रति फोटोकपी पेश गर्नु पर्ने छ ।

**आरक्षण तर्फ दरखास्त पेस गर्ने सबै उम्मेदवारलाई स्वत: General Group (साधारण समूह) मा समेत समावेश गरिने छ ।**

५. **<u>पुन:श्च</u> : उपर्युक्त दफा नं. २ देखि ४ सम्म तोकिए बमोजिमका कागजातहरु तोकिएको मितिसम्ममा अनिवार्य रुपमा छात्रवृत्ति शाखामा पेश गर्नु पर्नेछ । रित नपुगेमा कुनै पनि शर्तका आधारमा दरखास्त स्वीकृत गरिने छैन ।**

६. **<u>दरखास्त दर्ता प्रमाणको निस्सा वितरण समय तालिका:</u>**

| MOE अनलाइन रजिस्ट्रेसन नम्बर | वितरण मिति | समय | स्थान | आवश्यक कागजात |
|---|---|---|---|---|
| अनलाईन र.नं. ००१ देखि सबै | २०७३ साल बैशाख ०६ गते सोमबार | विहान ११:३० बजे देखि कार्यालय समयसम्म | छात्रवृत्ति शाखा, केशरमहल | दरखास्त दर्ता प्रमाणको निस्सा प्राप्त गर्न माथि दफा ४ मा उल्लिखित कागजातहरुका सक्कल तथा एक एक प्रति प्रतिलिपि । |

७. **योग्यताक्रम :** क) योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि दरखास्त Online Application फाराम भरी MOE Online Registration Number प्राप्त गरेका उम्मेद्वारहरुले तोकिएको मिति, स्थान र समयमा सक्कल बैंक भौचर सहित तोकिएका कागजातहरु पेस गर्नु पर्ने छ, अन्यथा मन्त्रालयबाट योग्यताक्रम कायम गरिने छैन ।

ख) रित पूर्वक दरखास्त पेस गर्ने उम्मेद्वारहरुले सम्वन्धित अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्वन्धी कागज प्रमाणसमेतको आधारमा नियमानुसार शिक्षा मन्त्रालयको साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गरिने छ ।

ग) मन्त्रालयको योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि एउटै विषयमा एक भन्दा बढि परीक्षार्थीको प्राप्ताङ्क वरावर भई सम्वन्धित अध्ययन संस्थानले एउटै संस्थाका लागि योग्यताक्रम कायम गरेकोमा सो Rank अनुसार र प्राप्ताङ्क बराबर भएको तथा अध्ययन संस्थानले छुट्टाछट्टै कलेजका लागि कलेजगत Rank कायम गरेकोमा देहाय बमोजिम मन्त्रालयको योग्यताक्रम कायम गरिने छ ।

क) बन विज्ञान अध्ययन संस्थानले जुन विषयको अध्ययनका लागि भर्ना परीक्षा सञ्चालन गरेको हो सो विषय अध्ययनका लागि त्रि.वि.ले तोकेको न्यूनतम् योग्यताको प्राप्तांक प्रतिशत,

ख) खण्ड (क) बमोजिमको अंक समेत बराबर भएमा SLC वा सो सरह उत्तीर्ण भएको परीक्षाको प्राप्तांक प्रतिशत,

ग) खण्ड (ख) बमोजिमको अंक समेत बराबर भएमा स्वदेशको सामुदायिक विद्यालयबाट SLC वा सो सरह उत्तीर्ण भएको परीक्षाको प्राप्तांक प्रतिशत,

घ) खण्ड (ग) बमोजिमको अंक समेत बराबर भएमा पाठ्यक्रम विकास केन्द्रका विज्ञ समेतको रायमा मन्त्रालयको निर्णय अनुसार,

८. **दरखास्त तथा योग्यताक्रम सम्वन्धी जनकारी**: क) यो सूचना बमोजिम रित पूर्वक दरखास्त पेस गर्ने उम्मेद्वारहरुको योग्यताक्रम कायम भएको सूचना मन्त्रालयको वेव साईटमा प्रकाशन गरिने छ । ख) योग्यताक्रम कायम भएकाहरु मध्येबाट मनोनयनका लागि दरखास्त माग देखि मनोनयनसम्मका सूचना तथा आवश्यक जानकारीहरु मन्त्रालयको बेव साइटमा प्रकाशन गरिने भएकोले नियमित रुपमा मन्त्रालयको बेव साइट Visit गर्न तथा आफ्नो ईमेल नियमित हेर्न सम्वन्धित सबैलाइ सूचित गरिन्छ ।

९. **विपन्नताको सिफारिस :** देहाय अनुसारको ढाँचामा विपन्नताको सिफारिस मिति २०७२/१२/२३ गते देखि online दरखास्त पेस गर्ने दिनसम्ममा सम्वन्धित ब्यक्ति बसोबास गरेको गाविस/नपा/उपमहानपा वा महानपा को सिफारिस पत्रमा आधिकारीक पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्ने छ अन्यथा दरखास्त आरक्षण तर्फ अस्वीकृत भई साधारण तर्फ मात्र कायम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

विपन्नताको सिफारिस ढाँचा

अनुसूची -१ख.

(नियम १३क. को उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा मन्त्रालय
केशरमहल, काठमाडौं ।

विषय :- विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ..................को नाति/नातिनी श्री ................ को छोरा/छोरी ........... जिल्ला ........................गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा. ............वडा बस्ने वर्ष...... को श्री/सुश्री/श्रीमती .................... मिति .......... देखि ........ सम्म .................................... सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ............................................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,
सही :
नाम:
पद:
कार्यालयको छाप    कार्यालय